# १० अमेरिका र बेबिलोन

*<u>यस अध्यायका मूल पदहरू</u>* प्रकाश १३:१-१२,१४:९-११,१६:२,१९:२०,२०:४, यर्मिया ५१:६,७,५३,५७ र प्रकाश १८:१-४।

*<u>यस अध्यायको मूल सार पद</u>*: **"१ "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू शुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबैलाई उद्धार गरिनेछ।" दानिएल १२:१ (रूपान्तरित)।**

अघिल्लो अध्यायमा हामीले नक्कली वा खोटो त्रिएक भगवानको वारेमा हामीले हेऱ्यौं। ती थिए, अजिङ्गर वा शैतान र दुई विश्वका शक्तिहरू जसले परमेश्वरका जनहरूलाई आतङ्कित पार्नेछन् र सताउनेछन्।

ती शक्तिहरूमा एक शक्तिको वारेमा हामीले यस अध्ययन पुस्तकको छैठौ अध्यायमा हेऱ्यौ। समुद्रबाट निस्किएको पशु (प्रकाश १३:१-१२)को रूपमा चितुवा, भालु र सिंहको स्वरुपहरु मिसिएका थिए (प्रकाश १३:२)। जुन कुरा अगमवक्ता दानिएलले देखेको स्वप्नदर्शनसंग ठ्याक्कै मिल्दछ (दानिएल ७:४-६)। दानिएल ७ अध्याय हेर्ने क्रममा हामीले यो पनि थाहा पायौ कि सिंहरूपी बेबिलोन अर्थात् एक पटक विश्वशक्तिको रूपमा रहेको आधुनिक इराक, भालुरुपी मिड-पर्सिया (आधुनिक इरान), चितुवारूपी ग्रीक शक्ति र अन्तमा अन्तिम शक्तिशाली विश्व साम्राज्य रोम। रोमी साम्राज्य वा सिजर सम्राटहरू शुरूमा मूर्तीपूजक थिए| अर्थात सम्राटलाई समेत गरेर विभिन्न देवीदेवताहरूलाई पूजा गर्दथे। तर पछि आएर इसाईको नाउँमा पोपतन्त्र वा पोपकोशासनले रोम र विश्वमा आफ्नो आधिपत्य स्थापना गरेको थियो। त्यो थियो चौथो पशु (रोम) शक्तिको शिरबाट सिधै निस्किएको सानो सिङ (दानिएल ७:७,१८,१९-२१ र २३:२५)। दानिएल ७ अनुसार रोमन क्याथोलिकको पोपलाई मान्ने धर्ममा पोपतन्त्रको चरित्र वा स्वभाव प्रकाश १३:१-१०मा समुद्रबाट निस्किएको पशुमा फेरि देखिएको पनि हामीले हेऱ्यौं। पाश्चत्य देश रोममा रहेको पोपलाई भगवान मान्ने रोमन क्याथोलिक धर्म नै बाइबल र

बाइबललाई मात्र मान्ने परमेश्वरका जनहरूलाई तहस नहस वा आतङ्कित पर्ने प्रमुख शक्ति हुनेछ भनेर बाइबलका विद्वानहरूले देखेका छन्।

तर रोममा रहेको धार्मिक राज्य संगठन वा पोपतन्त्रलाई समर्थन गर्नेमा पाश्चात्य देश रोममात्र नभएर अर्को राज्यले पनि समर्थन गर्नेछ भनेर प्रकाश १३ अध्यायले भन्डोफोर गरेको यस अध्यायमा हामी हेर्नेछौं। त्यस अध्यायमा धेरै घट्ना वा काण्डहरूको चित्रण गरिएको छ। ती घट्नाहरूको अर्थ के हो र त्यसलाई सामना गर्न हामी कसरी तयार हुने भन्ने विषयबस्तु सिकाउनु यस अध्यायको मुख्य ध्येय रहनेछ।

## १. घाइते (चोटहरु) निको भएको (प्रकाश १३:१-१०)

**प्रकाश १३:१-१०मा गरिएको चित्रणले रोमन क्याथोलिक धर्मको पोपीय शासनलाई औंल्याएको स्पष्टरूपमा देखाउँछ। पोपको शासनले विगत समयमा गरेको र भविष्यमा गर्ने काम तथा भूमिकालाई ती पदहरूमा देखाइएको छ। पोपले खेल्ने विशेष गरेर अति महत्त्वपूर्ण भूमिका ती पदहरूमा खुलाइएको छ। अन्तिम समयमा हुने घट्नाहरूको परिप्रेक्ष्यमा पोपको भूमिका कस्तो हुनेछ भनेर त्यहाँ देखाइएको छ। हेर्नुहोस्: "१ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए। २ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालुका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो। ३ त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो। ४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?" ५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालिस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो। ६ परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। ७ अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो। ८ र**

**पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन। ९ जसको कान छ त्यसले सुनोस्– १० कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ।"**

शताब्दी औ सम्म पश्चिम वा युरोपेली देशहरूमा मानिने धर्महरूमा रोमन क्याथोलिक चर्च मुख्य थियो। राजनैतिक क्षेत्रमा पनि रोमन क्याथोलिक चर्चको ठूलो प्रभाव थियो। रोमन क्याथोलिक चर्चको पोपको अधिकार कतिको थियो भनेर एक ज्वलन्त उदाहरण यहाँ हेरौ। एक पटक पवित्र रोमको सम्राट हेनरी चारौंले पोप ग्रिगोरी सातौंलाई रिस उठाएका थिए। पोपको रिसको कारण ती सम्राट पोपको दरवारमा भेट्न जानु पर्ने भयो। पोप रिसले चुर भएका थिए।त्यसैले आफूलाई भेट्नभन्दा पहिले पोपले ती सम्राटलाई तिन दिनसम्म चिसो मौसममा आफ्नो दरवारको आँगनमा पर्खाएर राखे। अनिमात्र पोपले सम्राटलाई भेट्न दिए। राजाहरूको अहं र घमन्डलाई तोड्नु आफ्नो कर्तव्य हो भनेर पोप ग्रेगोरी सातौं घमण्डले फुलेका थिए।

तर अठारौं शताब्दीको अन्त्यतिर सुधारवादी इसाई, रोमको बौद्धिक आन्दोलन र फ्रान्सको राजनैतिक क्रान्तिले रोमको पोपीय र धार्मिक आधिपत्यलाई चक्नाचुर पारेको थियो। सन् १७९८मा फ्रान्सको सैनिकहरूले पोप पायस छैथौंलाई कब्जा गरेर देश निकाला गरेका थिए। सन् १७९९मा उनको त्यहिँ मृत्यु भयो।

प्रकाश १३मा पुनर्जीवित वा घाइते (घाऊ) निको भएको व्यक्तिको बारेमा उल्लेख गरिएको छ। पोप ग्रिगोरी सातौंको दिनहरूमा भएको जस्तो राजनैतिक शक्ति अहिले नहोला। तर पोपको लोकप्रियताले विश्वको धार्मिक र राजनैतिक स्तरमा ठूलो प्रभाव पारिरहेको पाइन्छ। (सोन्हौं शताब्दीमा पोपको शक्तिबाट छुट्टिन स्थापना भएको अमेरिका जहाँ सन् २०१५मा दुवै सदनमा पोप फ्रान्सिसले सम्बोधन गरेको समाचार महत्त्वपूर्ण मान्नु पर्छ। प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूको बाहुल्यता भएको अमेरिकाको दुवै सदनमा पोपले सम्बोधन गरेको इतिहासमै पहिलो पटक थियो)। बाइबलमा भविष्यवाणी गरिए अनुसार रोमन क्याथोलिक चर्चको महान् धर्मगुरू पोपको प्रभाव वढि रहेको छ र बढि नै रहनेछ (अर्थात् घाइते व्यक्ति पुनर्जीवित वा निको भएको भन्ने प्रकाश १३को भविष्यवाणी प्रत्यक्ष भएको छ)।

**रोमन क्याथोलिक मतका इसाईहरूलाई चित्त नदुखाइकन हामीले थाहा पाएको सन्देश सुनाउन र त्यसप्रति बफादारी भइरहन हामीले कसरी सिक्ने? बाइबलको वर्तमान वा समसामयिक सत्यलाई घोषणा गर्ने क्रममा बहुमतले मान्यो भन्दैमा येशूसम्मत नभएको राजनैतिक र धार्मिक शक्तिको सामु  नझुक्न किन आवश्यक छ?**

## २. भविष्यवाणीमा उल्लेख गरिएको संयुक्त राज्य अमेरिका

**प्रकाश १३ अध्यायमा चित्रण गरिएको रोमले आज र भविष्यमा** प्रभाव पार्न सक्छ र? भनेर कतिपयले सोध्दछन्। त्यो मनासिबै हो। युद्ध गर्न सैनिकहरूलाई नै पठाएर युद्ध गर्नुपर्छ भन्ने पुरानो जमानाको रणनीति अब छैन। त्यसकारण माथिको प्रश्नको जवाफ प्रकाश १३मा नै पाउँछौं।

**प्रकाश १३:११,१२मा विशेष प्रतीक वा चिन्हहरूको बारेमा उल्लेख गरिएको छ। ती प्रतीकहरूले कुन शक्तिको परिचय दिन्छ? हेर्नुहोस्: "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सिङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो।"**

दुई सिङ भएको पशुभन्दा अघिको पशु रोमको प्रतीक हो भनेर सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरूले धेरै समयदेखि मानि आएका छन्। उक्त पशु शक्तिलाई ४२ महिनासम्म (प्रकाश १३:५) बिषेश अधिकार दिइएको भनिएको छ। ४२ महिना भनेको दानिएल ७:२५ अनुसार समय, समय र आधा समय हो। त्यही समयलाई प्रकाश १२:१४ अनुसार साढे तिन वर्ष हो अर्थात् १२६० भविष्यवाणीका दिनहरू (प्रकाश १२:६) हुन्। ती त्यही समय वा वर्षहरू हुन् जुन बेला पोपको शक्ति वा रोमन क्याथोलिक चर्चले उसको बिरोधीहरूलाई दवाएको थियो र आतङ्कित पारेको थियो। भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष मानिने हुँदा १२६० वर्ष शुरूभएको वर्ष सन् ५३८ हो जुन बेला इसाई जगतमा पोपले आफ्नो अधिकार जमाएको थियो। बाइबल र बाइबललाई मात्र मान्ने इसाईहरूलाई रोमन क्याथोलिक धर्मगुरू पोपलाई

भगवान वा यस संसारका उनी येशूको प्रतिनिधि हुन् भनेर मात्र अस्वीकार गर्नेहरूलाई अनेकौं यातना दिएर मारेका थिए। तर उनको आधिकारिक मान्यता त्यसबेला पतन भयो जब फ्रान्सका सैनिकहरूले पोपलाई पक्रेर देश निकाला गरेका थिए। त्यो तिथी सन् १७९८ हो।त्यो समय भविष्यवाणी अनुसार पोपको शक्ति मरेको जस्तै थियो वा घाइते भयो।यी घटनाहरुले प्रकाशको पुस्तकमा लेखिएको भविष्यवाणी पूरा भएको जनाउँछ।

इतिहासलाई केलाउने क्रममा सन १७९८ वा ४२ महिनाको अन्तमा अर्को शक्तिको उदय भयो भनेर लेखिएको छ (प्रकाश १३:११)। त्यो शक्ति पृथ्वी वा जमीनबाट उत्पत्ति भयो भनिएको छ। दानिएल ७:२,३ अनुसार अरू शक्तिहरू पानीबाट निस्केका थिए भने प्रकाश १३:११मा थप शक्ति जमिनबाट निस्केको भन्दछ। पानीको अर्थ मानिसहरूको समूह हो। प्रकाश १७:१५ले भन्दछः "ती स्वर्गदूतले मलाई भने,"तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।"

ती र अरू विभिन्न कारणहरूले जमिनबाट निस्किएका दुई सिङ भएको शक्ति संयुक्त राज्य अमेरिका नै हो भनेर ठोकुवा गरेर भन्न सकिन्छ। कम जनसंख्या भएको देशबाट अमेरिकाको उदय भएको थियो। अरू ठूला देशहरूसँग उसले भयानक युद्ध गरेर जित्नुपरेको थिएन।

"सन् १७९८मा उदय भएको नयाँ राष्ट्र अरू कुन होला? त्यस राष्ट्रलाई शक्ति र महानता वा यश दिइएको थियो र सारा संसारलाई उसले आकर्षित गरेको थियो। त्यो प्रतीकले कुन राष्ट्रलाई औँल्याएको छ भन्ने कुरामा कुनै विवाद छैन। केवल एउटा राष्ट्र र एउटै राष्ट्रमात्र भविष्यवाणीका विवरणहरूसँग मिल्दछ। त्यो राष्ट्र संयुक्त राज्य अमेरिका नै हो भनेर ठोकुवा गरेर भन्न सकिन्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४४०बाट रूपान्तरित।

थुमाको जस्तो दुई सिङ भएको शक्तिशाली राष्ट्र भनेर उसको भलादमीपन देखाएतापनि उसले अजिङ्गर वा ड्रागन अर्थात् राक्षसले जस्तो हुङकार गर्नेछ भनेर प्रकाश १३:११मा भनिएको छ। पहिलाको राष्ट्र वा पोप अन्तर्गत रोमको धार्मिक राष्ट्रले परमेश्वरका जनहरूलाई सास्ती वा सतावट दिएको जस्तै त्यो राष्ट्र पनि बाइबल र बाइबललाई मात्र मान्ने जनहरूलाई सताउने शक्ति हुनेछ भनिएको छ। अनि प्रकाश १३:११-१७मा देखाइए

अनुसार रोम वा पोपीय धार्मिक राज्यले कसरी त्यस राष्ट्रलाई प्रभाव पर्नेछ भन्ने भविष्यवाणी पूरा हुन आउँछ। रोमन क्याथोलिक चर्चको पोपीय धार्मिक क्रियाकलापको पछाडि संयुक्त राज्य अमेरिकाको शक्ति लाग्नेछ। त्यसर्थ यस खण्डको शुरूमा सोधिएको प्रश्नको सही जवाफ भेट्टाउन सकिएको मात्र सकिन्छ।

## ३. कसको पूजा गर्ने भन्ने विषय (मत्ती ४:८-१०)

परमेश्वर र मानिसको बीचमा हुने सम्बन्धको वर्णन गरिने पवित्र इतिहासभरी परमेश्वर र मानिसको बीचमा निरन्तररूपले सङ्कट भइरहेको पाइन्छ। मानिसले बनाएका मूर्तिहरू र मानिसले आविष्कार गरेका भ्रामक धर्म वा देवी-देवताहरूलाई पूजा नगर्नु भनेर परमेश्वरले निर्देशन दिनुभएतापनि (मत्ती ४:८-१०) मानिसले त्यसको वेवास्ता गरेको इतिहास साक्षी छ। यस संसारको युगको अन्तमा हुने सङ्कटमा पनि कसको पूजा गर्ने भन्ने विषयले धरोहरको रूपमा खडा भएर परमेश्वरका जनहरूलाई चुनौति दिनेछ भनेर प्रकाश १३ले औंल्याउँछ। त्यसबेलामा पनि परमेश्वरका जनहरूले कसको पूजा गर्ने र कसको सेवा गर्ने भन्ने निर्णय गर्नुपर्नेछ (यहोशू २४:१४,१५मा भनिएको छः "१४ "यसकारण अब परमप्रभुको भय मान, र सारा विश्वस्ततासाथ उहाँको सेवा गर। तिमीहरूका पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि र मिश्रदेशमा पुजेका देवताहरूलाई फ्याँक, र परमप्रभुको सेवा गर। १५ तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज– कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं ")।

दोस्रो अध्यायमा हामीले तीन जना हिब्रू युवाहरूको कथा हेऱ्यौं। त्यहाँ राजाको हुकुम अनुसार उनले बनाएका सुनको मूर्तिलाई पूजा गर्न (दानिएल ३:५) ती युवाहरूलाई आदेश दिंदा तिनीहरूले नमान्दा तिनीहरू आगोको भट्टीमा फ्याँकिएका थिए र तिनीहरू अचम्म प्रकारले बाच्न पुगेका थिए। संसारको अन्त्यको समयमा परमेश्वरका जनहरूले ठूलो सतावटको सामना गर्नुपर्नेछ भनेर पनि हामीले प्रकाश १३ अध्यायमा हेऱ्यौं। यथार्थमा दानिएल ३मा जे भएको थियो त्यो प्रकाश १३मा उल्लेख गरिएको पशुका शक्तिहरूले परमेश्वरका जनहरूलाई कसरी कष्ट दिनेछ भन्ने विषयको चित्रण गरिएको

थियो। नाबूकदनेसर राजाले उनका सारा जनतालाई सुनको मूर्तिलाई पूजा गर्न आदेश दिएका थिए र आदेश नमान्नेलाई आगोको भट्टीमा फ्याक्ने हुकुम दिएका थिए। त्यसै गरि प्रकाश १३:१५ अनुसार जसले पशुको मूर्ति वा प्रतीकलाई पूजा गर्दैन त्यसलाई मारिनेछ भन्ने भविष्यवाणी छ।

**कसको भक्त हुने, कसको पूजा गर्ने, कसलाई परमेश्वर मान्ने भन्ने विषय कतिको निर्णायित्मक छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: प्रकाश १४:९-११ "९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को स्वरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।", प्रकाश १६:२ "तब पहिलो स्वर्गदूतले गएर आफ्नो कचौरो पृथ्वीमाथि खन्याए, र त्यसले गर्दा त्यस पशुको छाप हुने र त्यसको मूर्तिलाई पुज्ने मानिसहरूलाई घिनलाग्दा र दुख्ने घाउ-खटिरा निस्के।", प्रकाश १९:२० "तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए।" र प्रकाश २०:४ "तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे।"**

**बेबिलोन (आधुनिक इराक) जहिले पनि सृष्टिकर्ता परमेश्वरको खिलाफमा अर्कै देवतालाई खडा गराएर पूजा गर्न लगाउने तत्वको राजधानी भनेर मानिएको छ।** बाबेलको धरहरा त्यही क्षेत्रमा निर्माण भएको थियो। "म बादलभन्दा उच्च ठाउँमा उक्लिनेछु" भनेर लुशिफरले परमेश्वरलाई चुनौति दिएको थियो (यशैया १४:१४)। त्यसैको प्रतिविम्ब बाबेलको धरहरा

थियो। त्यो धरहरा बनाउने मानिसहरूले यदि फेरिपनि अर्को जलप्रलय भएमा त्यसबाट बच्नकालागि त्यो ठूलो धरहरा बनाएका थिए। परमेश्वरले फेरि कहिल्यै पनि पानीबाट सारा संसारलाई नाश गर्ने छैन भन्ने उहाँको प्रतिज्ञालाई ती मानिसहरूले मान्न अस्वीकार गरेका थिए (उत्पत्ति ९:८-११)।

नयाँ बेबिलोन साम्राज्यको सम्राट नाबूकदनेसरले मानिसहरूले बनाएका बेबिलोनको दरवारहरू, भवनहरू, विश्वप्रशिद्ध बगैंचा र अन्य ऐतिहासिक सम्पदाहरूलाई हेरेपछि यसरी घमण्डले फुलेका थिए "कस्तो महान् बेबिलोन जुन मैले निर्माण गरेँ" (दानिएल ४:३०)। पछि आएर उनकै उत्तराधिकारी राजा बेलशेजारले सोलोमन राजाले बनाएका मन्दिरबाट ल्याएका सुनका कचौराहरू लिएर भोजमा प्रयोग गरेका थिए। तिनीहरूले त्यस कचौरामा रक्सी राखेर पिए। सुन, चाँदी, ढलौट, फलाम, काठ र ढुंगाका मूर्तिहरूको प्रशंसा गरे (दानिएल ५:३,४)। परमेश्वरको मन्दिरबाट ल्याइएका विभिन्न पवित्र भाँडाहरूमा लठ्ठ पार्ने रक्सीहरू भरेका थिए। त्यो पिएर राजाका भोजमा आउनेहरूको सोच्ने दिमाग नै सिथिल वा मूर्दासरी भएको थियो। त्यसको फलस्वरुप बेबिलोन सहरका धेरै मानिसहरू बिदेशी शत्रु राजाको हातमा परे र मारिन पुगे। बेबिलोनका राजा र उनका गन्यमान्य जनहरू रक्सीले मातेको बेलामा शत्रु राजाले त्यस सहरलाई घेराबन्दी गरेर हमला गरेका थिए। परमेश्वरको कचौरामा रक्सी राखेर पिउनुको अर्थ बाहिरी रुपमा सत्य वा धार्मिकता देखाउने तर भित्र भने विषाक्त तत्व वा झुटा शिक्षादीक्षाहरू राखेर मानिसहरूलाई धोका दिने धर्म हुन्। त्यसलाई बेबिलोनको रक्सीको कचौरा भनिन्छ। जसरी भएपनि मानिसलाई भ्रममा पार्ने, छल गरेर, अनेकौं असत्य धारणा वा बिचारहरूद्वारा आफूतिर आकर्षित गर्ने शैतानको चालबाजी हो। मानिसमा भएको सृष्टिकर्ता परमेश्वरप्रतिको श्रद्धा खतम गर्ने शैतानको लक्ष्य हो।

**अहिले नै हामी पनि शैतानको चालबाजीमा नपरी गलत पूजा तथा आराधना नगर्न हामी कसरी सतर्क हुने? अर्थात् धर्मकै नाउँमा के हामीले शैतानको धरापमा परेर भक्तिको भेष त लगाइरहेका छैनौं?**

## ४. "बेबिलोन महान् छ"

देहायका पदहरूले पौराणिक बेबिलोन (आधुनिक इराक) को बारेमा हामीलाई के सिकाउछ? हेर्नुहोस्: यर्मिया ५१:६,७,५२-५७ "६ “बेबिलोनबाट भाग! हरेक आ-आफ्नो ज्यान जोगाउनलाई भाग। त्यसका पापहरूको कारण तिमीहरू नाश नहोओ। यो परमप्रभुको बदला लिने समय हो, उहाँले त्यसलाई त्यसले पाउनुपर्ने दण्ड दिनुहुनेछ। ७ बेबिलोन परमप्रभुको हातमा एउटा सुनको कचौरा थियो। त्यसले सारा संसारलाई मत्त्यायो। जाति-जातिहरूले त्यसको दाखमद्य पिए, र त्यसैकारण उनीहरू बौलाहा भए।...५२ “तर यस्ता दिनहरू आउँदैछन्,” परमप्रभु भन्नुहुन्छ, “जब म त्यसका मूर्तिहरूलाई दण्ड दिनेछु, र त्यसको देशभरि नै घाइतेहरूको क्रन्दन सुनिनेछ। ५३ उँभो स्वर्गसम्म बेबिलोन उक्ले तापनि र आफ्नो अग्ला-अग्ला गढ़ीहरू बलिया पारे तापनि, त्यसको विरुद्धमा सर्वनाश गर्नेहरू म पठाउनेछु,” परमप्रभु भन्नुहुन्छ। ५४ “बेबिलोनबाट विलापको आवाज निस्किन्छ! बेबिलोनीहरूको देशबाट रुवाइको स्वर निस्कन्छ, ठूलो सर्वनाशको आवाज! ५५ परमप्रभुले बेबिलोनलाई सर्वनाश गर्नुहुनेछ, र त्यसको ठूलो हल्लालाई उहाँले दमन गर्नुहुनेछ। त्यसका शत्रुहरूका छालहरू समुद्रका ठूला-ठूला पानी झैं गर्जनेछन्। उनीहरूका गर्जनको प्रतिध्वनि हुनेछ। ५६ सर्वनाश गर्ने बेबिलोनको विरुद्धमा आउनेछ, त्यसका योद्धाहरू पक्राउ पर्नेछन्, र तिनीहरूका धनु टुक्रा-टुक्रा पारिनेछन्, किनकि परमप्रभु बदला लिने परमेश्वर हुनुहुन्छ। उहाँले पूरै प्रतिफल दिनुहुनेछ। ५७ म त्यसका पदाधिकारीहरू र बुद्धिमान् मानिसहरूलाई, त्यसका राज्यपाल र अधिकृतहरूलाई र योद्धाहरूलाई पनि मतवाला बनाउनेछु। तिनीहरू सदाको निम्ति निदाउनेछन्, र बिउँझनेछैनन्,” महाराजा, जसको नाउँ सर्वशक्तिमान् परमप्रभु हो, उहाँ भन्नुहुन्छ।", जकरिया २:७-९ "७ “आओ, हे सियोन! उम्किआओ, तिमीहरू, जो बेबिलोनकी छोरीसित बस्दछौ।” ८ किनकि सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, “त्यसले मेरो आदर गरेर तिमीहरूलाई लुट्ने जातिहरूका विरुद्धमा मलाई पठाएपछि– किनभने जसले तिमीहरूलाई छुन्छ त्यसले उहाँका आँखाको नानीलाई छुन्छ– ९ निश्चय नै म आफ्नो हात तिनीहरूका विरुद्धमा उठाउनेछु, अनि तिनीहरूकै दासहरूले तिनीहरूलाई लुट्नेछन्। तब तिमीहरूले जान्नेछौ कि मलाई सर्वशक्तिमान् परमप्रभुले पठाउनुभएको हो।", प्रकाश १७:५,६ "५ त्यसको निधारमा एउटा नाउँ लेखिएको थियो: रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन। ६ अनि मैले त्यस स्त्रीलाई

**सन्तहरूको रगत र येशूका शहीदहरूको रगत पिएर मातेकी देखें। त्यसलाई देखेर म साह्रै अचम्मित भएँ।" र प्रकाश १८:२,३ "२ तिनले यसो भनेर शक्तिशाली स्वरले कराए: "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।"**

बेबिलोन झुटा देवी-देवताहरूको पूजा गर्ने राजधानी थियो भनेर उसको लामो इतिहासले देखाउँछ भनेर अघिल्लो बुँदामा हामीले हेऱ्यौ। त्यसकारण यस युगको अन्तमा पनि बेबिलोन सारा राष्ट्रहरूलाई धोका दिने शक्तिको प्रतीक हुनगएकोमा अचम्म मान्नु हुदैन।

**अजिङ्गर वा राक्षसी पशु, समुद्रबाट निस्किएको पशु र रातो पशुलाई एक आपसमा तुलना गरेर हेर्नुहोस्। तिनीहरूमा के भिन्नता र समानता छ? हेर्नुहोस्: प्रकाश १२:३ "अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पऱ्यो।", प्रकाश १३:१-३ "१ स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई। २ त्यो गर्भवती थिई, र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई। ३ अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पऱ्यो।" र प्रकाश १७:३ "अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड-स्थानभित्र लगे। त्यहाँ सात वटा शिर र दश वटा सिङ भएको ईश्वर-निन्दाका नाउँहरूले भरिपूर्ण भएको चहकिलो रातो रङ्गको पशुमाथि बसेकी एउटी स्त्रीलाई मैले देखें।"**

सबै पशुहरूका सातवटा टाउकाहरू र दशवटा सिङहरू थिए। तिनीहरूले दानिएल ७ अध्यायमा उल्लेख गरिएका पशुहरूको रूपलाई देखाउँछन्। प्रत्येक पशुले विश्वसाम्राज्यलाई औंल्याउँछ जो एक पछि अर्को आएको थियो। त्यसरी नै रातो पशु तीन पशुहरूको तत्वले मिसिएको देखाउँछ। ती हुन् अजिङ्गर र समुद्रबाट निस्किएको पशु (मूर्तिपूजा गर्ने वा सनातन सर्वशक्तिमान परमेश्वरलाई नमान्ने रोम राष्ट्र र आफू परमेश्वरको प्रतिनिधि गर्ने शक्ति हुँ भनेर देखाउने पोपीय रोम) र जमीनको पशु (प्रकाश

१३:११-१४)। "ती तिनै शक्तिहरूको साँच्चिकै गठबन्धन परमेश्वरका शत्रुहरू हुन्।"जाक बी डौखान, सिक्रेट अभ रेभलेशन, द आपोक्यालिप्स थ्रु हिब्रू आइज (हागरटाउन, मेरिल्याण्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोशियशन, २००२) पृ. १६२बाट रूपान्तरित। प्रकाश १७मा थप स्त्रीको बारेमा जानकारी दिइएको छ। त्यस स्त्री रातो पशुमाथि चड्दछे। धार्मिक र राजनैतिक शक्तिहरूको गोप्य, अशुद्ध तथा अवैध सम्बन्धलाई त्यस स्त्रीले प्रतिनिधित्व गर्दछे। यस स्त्री प्रकाश १२मा उल्लेख गरिएको पवित्र स्त्रीसँग उल्टो देखिएको स्पष्ट छ। ती दुई स्त्रीहरूको तुलनाः

***पवित्र तथा शुद्ध स्त्री (प्रकाश १२) , वेश्या (प्रकाश १७), स्वर्गबाट आएकीपानीहरूबाट निस्केकी सूर्य पहिरिएकी रातो वा प्याजी र बैंजनीरङ्गको वस्त्र पहिरिएकी बान्ह ताराहरूले सजिएको मुकट लगाएकी सुन, अमूल्य पत्थर र मोतीहरूले सजाएकी अजिङ्गरको हमलाको मारमा परेकी अजिङ्गरले सघाएकी बचेखुचेका विश्वासीहरूकी आमा बेश्याहरूकी आमा***

बेश्याहरूकी आमा भएकी बेबिलोन धेरै बेश्याहरूलाई उत्पादन गर्न व्यस्त हुन्छ। परमेश्वरलाई चुनौति दिने वा उहाँको सत विश्वासमा नहिँड्ने आमा चर्चका धेरै छोरीहरू छन् जसले सत्य विश्वासलाई त्यागेका हुन्छन्। तर बाइबल र बाइबललाई मात्र नमान्ने र परमेश्वरको सही बाटोमा नहिँड्ने इसाईहरूले जन्माएका झुटा शिक्षादीक्षा र परमेश्वरका जनहरूलाई सताउने इसाईहरूको जिम्मेवारी परमेश्वरले लिनुहुन्न। परमेश्वरका सत्य जनहरूलाई शैतानले जतिसुकै हमला गरेपनि शताब्दी औं सम्म आफ्ना विश्वासमा अडिग भएर बाँचिरहेका हुन्छन्।

सत्य बाटोबाट फर्केर परमेश्वरको जनहरूलाई सताउने बेबिलोनको पतनको बारे मानिसहरूलाई सतर्क गराएको प्रकाश १४:८मा उल्लेख गरिएको छ। ती पतित धर्मका मतियारहरूले पशुको छाप वा मार्कालाई प्रचलनमा ल्याएर मानिसहरूलाई धोका दिनेछन् भनेर प्रकाश १४:९-११मा यसरी लेखिएको फेरि हामीले हेरौं, "९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर

गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" यो चेतावनी जोडतोडले फेरि दोहोऱ्याइनेछ। बेबिलोन वा झुटा चर्चमा रहेका मानिसहरूलाई त्यहाँबाट निस्केर आउन र अन्तको समयमा रहेका परमेश्वरको चर्चको बचेखुचेका विश्वासीहरूसँग मिल्न अन्तिम आह्वान गरिनेछ (प्रकाश १४:१-४)।

## ५. हे मेरा जनहरू हो, बेबिलोनी रूपी आस्थाको थलोबाट निस्केर आऊ

बर्षौंदेखि बाइबलका भविष्यवाणी अध्ययन गर्ने विद्यार्थीहरूले यस संसारमा भएका विभिन्न घट्नाहरूलाई चासोका साथ हेरिरहेका छन्। विषेश गरेर बाइबलको भविष्यवाणीसँग मिलेका यस युगको अन्तमा भइरहेका घट्नाहरूलाई तिनीहरूले नियाली रहेका छन्। उदाहरणको लागि, युगको अन्तमा अमेरिकाले खेल्ने भूमिकालाई हेर्न सकिन्छ। सन् १८५१मा नै केही एडभेन्टिस्टहरूले प्रकाश १३:११-१५मा उल्लेखित दोस्रो पशुको शक्ति अमेरिकासँग तुलना गरिरहेका थिए। त्यो पशुको स्वभावसंग अमेरिकाको स्थितिलाई मिलाउन खोज्नु अत्यन्त उल्लेखनीय तर्क मानिएको छ। सन् १८००मा पर्सिया, फ्रान्स, अस्ट्रिया-हँगेरी र बेलायत अझ ठूला विश्व साम्राज्य शक्तिहरू थिए। त्यसबेला अमेरिकामा शान्तिको लागि भर्ना गरिएका सैनिकहरू केवल बिस हजारमात्र थिए। त्यसबेला फ्रान्सको प्रख्यात सम्राट नेपोलियनसँग लड्न बेलायतले सैनिक पठाउँदा दुई लाख सैनिकहरू पठाएका थिए। विश्वको इतिहासमा यसलाई बाटरलुको युध्द (सन् १८१५मा) भनेर कहलिएको छ। त्यस युध्दमा नेपोलियन हारेका थिए। सन् १८१४मा बेलायतले अमेरिकाको राजधानी वाशिङ्गटन डीसीमा हमला गरेर त्यस राजधानीको भवनलाई ध्वस्त पारेको थियो। सन् १८६७मा सेनापति कुस्टरको नेतृत्वमा रहेको अमेरिकी फौज सेभेन्थ क्यालभरीलाई अमेरिकाका स्थानीय बासिन्दा अमेरिकन इन्डियनका अगुवा सिटिङ्ग बुलको बहादुरहरूले हराइदिएका थिए। कुनै दिन अमेरिका यस्तो विश्व शक्ति हुनेछ जसले पशुको छाप (वा आइतबारलाई मात्र बलप्रयोग गर्ने शक्ति) भनेर अनुमान गरिरहेको बेलामा अमेरिकी राज्य आफ्नै देशका स्थानीय बासिन्दा अमेरिकन इन्डियनहरूसँग घमासान लडाईं लडिरहेको थियो। कतिपल्ट त हार्न पनि पुगेको थियो।

येशूले भविष्यवाणी गर्नुभए अनुसार संसारमा हुने घट्नाहरू पूरा भइरहेको हामीले देखिरहेका छौं। तर संसारको अन्तमा धेरै घट्नाहरूको बारेमा खोलिन अझ बाँकी नै छ। त्यसैकारण अहिले नै हामीले "पशुको छाप" वा जबरजस्ती आइतबारलाई नै मान्न लगाउने आदेशको छाप कसैसँग पनि छैन भनेर मान्नु अत्यन्त जरुरी छ। चाहे मानिसहरूले चौथौं आज्ञा अनुसार हप्ताको सातौं दिन शनिबारलाई पवित्र दिन भनेर पालन गर्नेहरू होउन् वा नहोउन्।

त्यतिमात्र नभएर युगको अन्तमा हुने धेरै चिन्ह तथा घटनाहरू उघारिन बाँकी नै छ।

**प्रकाश १८:१-४ गहिरिएर पढ्नुहोस्। त्यहाँ के भइरहेको छ र त्यसमा उल्लेख गरिएका वचनहरूलाई हामीले सम्झिन किन आवश्यक छ? यस संसारमा हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गरिरहदा हाम्रो लक्ष्य के हुनुपर्छ भनेर ती पदहरूले कसरी हामीलाई सिकाउँदछन्? हेर्नुहोस्: "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली स्वरले कराए: "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" ४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ।"**

दुःखलाग्दो वा तितो सत्यलाई ती पदहरूले चित्रण गरेका छन्। यस संसारमा जोसुकै मानिसहरूले जतिसुकै अनेकौं आशाका वचनहरू दिएर मानिसहरूलाई चित्त बुझाउन खोजेतापनि राजनैतिक, नैतिक र आत्मिक अवस्था एकदमै अन्धकारमय छ भनेर निराशजनक चित्रण ती पदहरूले कोरेका छन्। अनेकौ धर्मको नाउँमा सृष्टिकर्ता सनातन परमेश्वर पितालाई नपुज्नेहरुलाई खराब तत्वहरूले प्रभाव पार्नेछ भनेर ती पदहरूले देखाउँदछ। अनेकौं बाद, धर्म, राजनीति, आशा, नवयुग आदिका भाषणहरूले मानिसहरूलाई लठ्ठ पारिरहेको बेलामा अर्को स्वर्गदूत स्वर्गको वैभव र ज्योतिद्वारा यस

संसारलाई उज्यालो पारिनेछ भनिएको छ। परमेश्वरका विश्वासी भक्तजनहरूलाई कतिपय कुराहरू थाहा नहोला, यद्यपि तिनीहरू तिनीहरूलाई बेबिलोनरूपी निकाय वा क्षेत्रबाट निस्केर आउन त्यस स्वर्गदूतले आह्वान गरिरहेको देखाउँछ। त्यसको अर्थ युगको अन्तसम्म बेबिलोनरूपी अधर्मी स्थानबाट निस्केर आउने परमेश्वरका जनहरू चुपलागेर बस्ने होइन तर त्यस भित्र रहेका मानिसहरूलाई बोलाउन र उद्धार दिलाउन अन्तिम समयसम्म सक्रिय हुनुपर्छ प्रतिवद्ध हुनुपर्दछ।

**बेबिलोन रूपी अधर्मी स्थान वा क्षेत्रमा अझै पनि रहेका मानिसहरूलाई परमेश्वरले "मेरा जनहरू निस्केर आऊ" भनेर आह्वान गर्नु भएको वचन हाम्रो निम्ति किन अर्थपूर्ण छ? जब हामी कुनै नयाँ मानिससँग सम्पर्कमा आउँछौं तब त्यो वचनलाई हामीले सम्झनु किन जरुरी ठान्नुपर्दछ?**

## उपसंहारः

**थप जानकारीः** जब शैतानले परमेश्वरको दश आज्ञाहरूमाथि आक्रमण गर्छ भने त्यो परमेश्वरमाथिकै आक्रमण ठहरिन्छ। त्यसको अर्थ शैतानले परमेश्वरको सार्वभौमसत्ता र अधिकारमाथि आक्रमण गरेको प्रमाणित गर्छ। त्यसकारण युगको अन्तका दिनहरूको निर्णायक घट्नाहरूमा शैतानले परमेश्वरका आज्ञाहरूलाई पालन गर्ने भक्तजनहरूलाई आक्रमण गर्ने निश्चय छ (प्रकाश १२:१७,१४:१२)। किनभने यस संसारको अन्तमा परमेश्वरका जनहरूलेमात्र शैतानप्रति बफादारी हुन अस्वीकार गर्नेछन्। परमेश्वरको खिलाफमा जुन युद्ध स्वर्गमा थालनी भयो त्यो युद्ध यस संसारमा चलिनै रहनेछ र जसरी शैतानलाई स्वर्गमा हराइएको थियो त्यसरी नै यस पृथ्वीबाट पनि हराइदिनेछ। स्वर्गमा शैतानले परमेश्वरसँग युद्ध गर्नुको उद्देश्य परमेश्वरका आज्ञाहरूलाई हटाउनु थियो। त्यही काम सम्पन्न गर्न उसले सृष्टिकर्तासँग बिद्रोह गर्न कदम चालेको थियो। उसलाई स्वर्गबाट फ्याकिएतापनि यस संसारमा परमेश्वर र उहाँका जनहरूसँग निरन्तर रूपमा लडाईं जारी राख्यो। विभिन्न धर्महरूको नाउँमा मानिसहरूलाई अन्धा बनाउने र तिनीहरूलाई परमेश्वरको व्यवस्था वा नीतिलाई उल्लङ्घन गर्न लगाउने प्रयास शैतानले गरि नै रहेको छ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई पूरै मान्न नदिएर होस् वा एउटा आज्ञालाई मात्र भएपनि मान्न नदिएर होस् त्यसको अन्तिम परिणाम एउटै हुनेछ, जुन शैतानको ध्येय हो। दश आज्ञाहरूमा एक आज्ञालाई मात्र नमान्दा

पनि पूरै आज्ञाहरू नमानेकै ठहर्छ र त्यो मानिस सबै आज्ञाहरू नमान्ने दोषमा पर्छ। याकूब १:१०।"- एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, ५८२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) संसारमा भइरहेका विभिध घट्नाहरूको बारेमा सोच्नुहोस्। अन्तको समयमा हामीले गर्नुपर्ने विश्वासका विषयमा ती घट्नाहरूले कसरी औंल्याइरहेका छन् सो सोच्नुहोस्। अरू के के घट्नाहरू हुनै बाँकी छन्? येशूको आगमन यस बेला हुन्छ त्यस बेला हुन्छ भनेर विभिन्न समयलाई तोक्ने बानीबाट पर रहेर, अतिवादी हुनुबाट जोगिएर र बाइबलले भनेका भविष्यवाणी र एलेन जी ह्वाइटद्वारा सिकाइएका तरिका झैं यसो हुन्छ त्यसो हुन्छ भन्ने मनस्थितिमा नलागि घटिरहेका घट्नाहरूलाई मध्य नजर राखेर शैतानको चालबाजीबाट हामी कसरी चनाखो भएर बस्ने?

आ) कसैको पूजा वा आराधना गर्नु भनेको के हो? कुनै वस्तु वा मानिस वा धारणाको पूजा गर्नु भनेको के हो? अर्थात् कुनै मूर्तिको अगाडि शिर नझुकाए पनि त्यसलाई मनले ढोग्नु भनेको के हो?

इ) सबै मानिसहरू अन्तिम समयको चर्चमा सामेल नभएतापनि परमेश्वरका जनहरू अन्य संम्प्रदाय, धार्मिक आस्था वा बेबिलोनरूपी थलोमा छन् भनेर याद गर्नुको अर्थ के हो? बेबिलोन जुन आधुनिक इराक कुनै खास देश नभइकन केवल प्रतीकमात्र हुनुको अर्थ के हो? मानिसहरूको राजनैतिक विश्वास, आत्मिक विश्वास जे भएतापनि तिनीहरूलाई हामीले जानेका वा थाहा पाएका सुसमाचार सुनाउने कुरालाई किन निरन्तर जारी राख्नुपर्छ?

कथा १०

म निस्केर गएँ

**इदा इलजाबेथ देभिज, ६५**

**वेस्ट भर्जिनिया, अमेरिका**

---

अमेरिकाको वेस्ट भर्जिनियामा बेक्ले सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च छ। म सानी छँदा मेरी हजुर आमाले मलाई प्रत्येक बुधवार बेलुका बाइबल अध्ययन गर्न मलाई त्यस चर्चमा पठाउनु हुन्थ्यो। अनि फेरि बिहान साबथ चर्च जान धेरै टाढा हिंडेर जानुपर्थ्यो। मैले जानै पर्थ्यो। साबथमा मैले केही पनि गर्न सकेकी थिइन त्यसकारण चर्चमा जानै पर्थ्यो र चर्चपछि फेरि हिँडेर घर फर्कनुपर्थ्यो।

हामी सात जना दाजुभाइ र दिदी बहिनीहरू थियौं। म सबभन्दा कान्छी थिएँ। म हजुर आमाको घरमा हुर्केकी थिएँ। मेरी हजुर आमा कट्टर एडभेन्टिस्ट थिइन्। मैले छोटो जामा लाउनु हुँदैनथ्यो। प्रत्येक शुक्रबार बेलुका मैले बाइबल पढ्नुपर्थ्यो। शुक्रबार घाम अस्ताएपछि शनिबार घाम नअस्ताएसम्म कसैले पनि काम गर्नुहुँदैनथ्यो। आइतबारको अरू कुनै पनि चर्चहरूमा जान मलाई अनुमति थिएन। मेरो जीवन केवल स्कुल र चर्चमामात्र सिमित थियो।

जब म १४ वर्षकी भएँ तब म अरू दाजुभाइ दिदी बहिनीहरूसँग न्यू योर्कमा बस्न गएँ। त्यहाँ मेरा सामु ठूला सहर, ठूला सपना र सहरी रमझमहरू थिए | मैले चर्च जान छोडें। कलेज पढेपछि मैले एउटा बीमा कम्पनीमा लेखापालको काम गरें र पछि सरकारको प्रख्यात वालस्ट्रिट धितो संस्था अर्थात् स्टक मार्केटमा अडिटर अर्थात् लेखा परीक्षक भएर काम गर्न थालें। म आइतबार चर्चमा जान थालें। मैले बिबाह पनि गरिसकेकी थिएँ।

अनि एक रात मैले सपना देखें। म खेत जोत्दै थिएँ। म सानी हुँदा मेरी हजुर आमाले उनको बारीमा ट्र्याक्टर लगाएर खनाउनुहुन्थ्यो। जब म ब्युँझे मैले सोचें, "मेरी हजुर आमाको घरमा जान मलाई सपना दिइएको होला" भनेर मैले सोंचे। मेरा श्रीमान र मैले एउटा घर बनाउन चाहेका थियौ। मेरी हजुर आमाबाट पाएको जग्गामा नै घर बनाउने मैले निर्णय गरें। उनको देहान्त भएको पनि धेरै समय बितिसकेको थियो। सरकारी कर्मचारी भएका मेरा श्रीमानले वेस्ट भर्जिनियामा घर बनाउन त्यति चासो देखाएका थिएनन् तैपनि जब हामी अमेरिकाको राजधानी वाशिङ्गटन डिसीमा काम गर्दै थियौं त्यही समयमा मेरै जग्गामा घर बनेको थियो।

जब हामी कामबाट अवकास भएपछि वाशिङ्गटनबाट बेक्लेमा फर्केर आफ्नै घरमा रह्यौं तर त्यस्तो राजधानी सहर छोडेर मेरो बाल्यकालको घरमा म किन फर्कें होला भनेर म सोच्न थालें। मैले केही नयाँ साथीहरू त बनाएँ तर मैले प्रभुसँग सोधें, "होइन, म यस ठाउँमा किन छु?"

अनि एक दिन बाइबलको भविष्यवाणी सेमिनारमा भाग लिन मैले एउटा निम्तो मेरो हुलाकको बाकसमा पाएँ। मेरा नयाँ साथीहरूलाई मसँग आउन अनुरोध गरें तर तिनीहरू मानेनन्। पछि म आफू एक्लै भएपनि जान्छु भनेर निर्णय गरें।

सेमिनारको चौथौं रात प्रचारकले प्रकाश र दानिएलको पुस्तकमा उल्लेख गरिएको पशुहरूको बारेमा व्याख्या गरे।अनि म त पहिलो पल्ट एडभेन्टिस्ट सुसमाचार प्रचारको कार्यक्रममा भाग लिइरहेको पो रहेछु भनेर थाहा पाएँ। जब मैले शुरूमा कार्यक्रममा भाग लिएँ तब म एडभेन्टिस्ट सुसमाचारीय कार्यक्रममा भाग लिएको छु भनेर मेरो मनमा पनि आएको थिएन। अनि मेरी हजुर आमाले एडभेन्टिस्ट शिक्षामा मलाई हुर्काउनुभएको मैले सम्झें र मैले एक्लोपनाको महसुस गरें। म कार्यक्रममा एक्लै थिएँ र मेरो एक जना साथीपनि मसँग आउन मानेका थिएननन्। मैले सोचें, "यदि मैले यो कार्यक्रममा भाग लिइरहें भने मैले मेरा सबै साथीहरूलाई गुमाउनु पर्नेछ।"

त्यसकारण जब कार्यक्रम शुरू भयो म उठें र हत्त न पत्त बाहिर निस्कन ढोकामा आएँ। अनि एउटी महिला जसले मेरो नाउँ पहिलो दिनमा दर्ता गरेकी थिइन् उनले मलाई रोकेर सोधिन्, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" "यी सबै कुरा मैले मेरो जीवनमा सुनिसकेको छु" मैले जवाफ दिएँ। मैले मेरी हजुर आमाको बारेमा भनें। उनले मलाई कहीं जान दिएकी थिइनन् केवल चर्च जान र बाइबल पढ्नमात्र अह्राउँथिन् मैले भनें। तर त्यो केवल बहानामात्र थियो। तर मलाई नियास्रो लागिरहेको थियो र मसँग साथी भएको भए हुन्थ्यो भनेर मलाई लागिरहेको हुन्थ्यो।

ती महिला जसको नाउँ नेवमी ट्रिकोमी थियो, उनी मुस्कुराइन्, उनले मलाई स्वागत गरे झैं मलाई लागिरहेथ्यो। उनी बाइबल वर्कर थिइन्। उनले मलाई बाँकी कार्यक्रममा आउन अनुरोध गरिन्। उनको त्यो मित्रतापूर्ण व्यबहारको मलाई खाँचो भएको थियो।

म आफू बसेको मेचमा फर्केर आएँ र महिनाभरिको लामो कार्यक्रममा मैले भाग लिएँ। प्रत्येक बेलुका नाओमीले मलाई अङ्गालो मारेर मुस्कुराउँदै अभिभादन गर्थिन। उनको कामको व्यस्तताले गर्दा चाहेरपनि उनी मसँग बस्न भ्याएकी थिइनन्। तर अब कोठामा म एक्लै छैन मेरो साथी छ भन्ने अनुभव मैले गर्न थालें।

जब मैले प्रचारकले सुनाएका वचनहरू सुनें तब मलाई मेरो बाल्यकालको सम्झना भयो। म फेरि सानी छात्रा भए जस्तै आभास भइरह्यो। म सानी हुँदा पास्टरले मलाई बाइबलका सत्यहरू सिकाउनु भएको त्यो पलहरूको पनि याद आयो।

त्यही समय जब प्रचारकले बप्तिस्मा लिन चाहनेहरू को-को हुनुहुन्छ भनेर सोधे तब म पनि अगाडि सरें। मलाई म आफ्नै घरमा आएको छु जस्तो लागेको थियो। सेप्टेम्बर २०१६मा १६जनाले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। त्यसमा म पनि एक जना थिएँ। ६५ वर्ष अघिको समयलाई फर्केर हेर्दा मेरी हजुर आमाले बाइबलका सत्य वचनहरू मेरो अङ्ग अङ्गमा खोपेर राखिदिनु भएको सत्यलाई मैले महसुस गरें। परमेश्वरले मलाई जहिले पनि सुरक्षित राख्नुहुन्थ्यो। अब मलाई थाहा भयो परमेश्वरले मलाई किन वेस्ट भर्जिनियामा बोलाउनुभयो। अब परमेश्वरले के गर्न चाहनुहुन्छ त्यसतर्फ लम्कन म सकेकी छु।

*वर्ष ६५की इडा एलिजाबेथ देभिज हालमा बेक्ले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा महिला सेवाकार्यक्रमको संयोजक हुनुहुन्छ। (इडा एलिजाबेथले आन्द्रयु मेकचेसीसँग कुराकानीगरेको आधारमा तयार पारिएको )*

**वेस्ट भर्जिनयाको बारेमा थप जानकारीः**

अ ) वेस्ट भर्जिनिया राज्यमा ७५प्रतिशत जग्गा जङ्लले ढाकेको छ।

आ) अमेरिकाको इतिहासमा वेस्ट भर्जिनियामात्र एक यस्तो राज्य हो जसलाई अब्राहम लिङ्कनले छुट्टै राज्य भएको घोषणा गरेका थिए।

इ) धेरै पहाडहरू भएकोले कहिलेकाहीँ वेस्ट भर्जिनियालाई अमेरिकाको स्विटजरलान्ड पनि भनिन्छ।

ई) वेस्ट भर्जिनिया अत्यन्त दक्षिणीउत्तर र उत्तरदक्षिणी राज्य भनेर पनि चिनिन्छ।

उ) अक्टोबर ६, १८९६मा प्रथम पटक पैसा तिर्न नपर्ने हुलाकी सेवा वेस्ट भर्जिनियमा शुरू भएको थियो। पछि अमेरिकाभरी त्यो अवधारणा फैलिएको थियो।

ऊ) वेस्ट भर्जिनिया राज्यको मुख्य जनावर कालो भालु हो । राज्यको मुख्य चरा भने कार्डिनल हो।

ए) सन् १९४७मा वेस्ट भर्जिनियाको हाम्लिन भन्ने गाउँमा रहेको चक यिगर विश्वको पहिलो हवाइ यात्रु थिए जो ध्वनीको गतिभन्दा छिटो उड्न सफल भएका थिए।